स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बिहीबार प्रदर्शनमा आउन लागेको फिल्म 'भाइरल गोर्खे' प्रिमियर गरिएको छ। मंगलबार साँझ न्युरोडस्थित रञ्जना सिनेप्लेक्स हलमा फिल्मकर्मी, रंगपत्रकारलगायतको उपस्थितिमा फिल्म प्रिमिएर गरिएको हो। प्रिमियरमा फिल्मका मुख्य कलाकार सृष्टि श्रेष्ठ नेवारी पोसाकमा पुग्दा अभिनेता सौगात मल्ल नेपाली राष्ट्रिय पोसाक दौरा सुरुवालमा ठाँटिएर आएका थिए।

आजको विचार...



आर्थिक...
(दुई पेजमा)

श्रीमननारायण



नीर शाह स्टारर फिल्म 'पराग' ब्लकबस्टर बन्ने बाटोतर्फ उन्मुख छ। पछिल्लो शनिबारसम्म फिल्मले १० करोड ७५ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको छ। मंगलबारदेखि केही दिनका लागी खल्ती एपबाट टिकट काट्ने दर्शकलाई ७५ रुपैयाँ छुट दिइएको छ। दीपक आचार्य काकु निर्देशित यो फिल्ममा शाहसहित मदनकृष्ण श्रेष्ठ, महेश त्रिपाठी, केकी अधिकारी, अञ्जना बराइली, प्रवीण खतिवडा, बुद्धि तामाङ लगायतको अभिनय छ। दर्शकको हातबाट काटिएको केकलाई सबैले खुसी मानेर चाखे।

❒ वर्ष ३१ अंक १६९ ❒ २०८२ माघ १ गते बिहीबार 15 January 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### टिपर दुर्घटनामा चालकको मृत्यु

**पाल्पा,** पुस ३०/जिल्लाको रिब्दीकोट गाउँपालिका -२ जोर्तेमा टिपर दुर्घटना भएको छ । बुधबार विहान नवरलपरासीको पाल्पा सिमेन्ट उद्योगबाट सिमेन्ट लिएर गुल्मीको मालिका गाउँपालिका जाँदै गरेको ना ८ ख ३६५ नम्वरको टिपर दुर्घटना भएको हो । दुर्घटनामा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा धादिङको थाके गाउँपालिका-३ का ३१ वर्षीय केशव बहादुर परियार रहेको प्रहरी चौकी अर्गेलीले जनाएको छ । उनको घटनास्थलमै मृत्यु भएको हो । टिपर सडकदेखि २ सय ५० मिटर तल खोलामा खसेको छ । टिपर विहान ४ :०० बजे दुर्घटनामा परेको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## सूचना

*माघे संक्रान्ति पर्व २०८२* को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा *हार्दिक शुभकामना* व्यक्त गर्दछौं । साथै माघे संक्रान्तिको अवसरमा माघ १ गते बिहीबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक माघ ३ गते शनिबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं.

जनचेतना

# हर्षोल्लासका साथ माघे संक्रान्ति पर्व मनाइँदै

## आजदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै





**हाम्रा संवाददाता**

**पाल्पा,** पुस ३०/माघ महिनाको पहिलो दिन आज देशभर हर्षोल्लासका साथ माघे संक्रान्ति पर्व मनाइँदै छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई मकर संक्रान्ति पनि भनिन्छ ।

प्रत्येक वर्ष सौर मासअनुसार माघ महिनाको पहिलो दिन मनाइने माघे संक्रान्ति पर्व आज देशभर स्नान, जप, तप, ध्यान साधना गरी मनाइँदै छ । आजदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्य दायक मानिन्छ । माघे संक्रान्तिको दिन घ्यु, चाकु, तिलका लड्डु, खिचडी, सखरखण्ड, तरुल लगायत परिकार खाने चलन छ । तरुललाई पुस मसान्तका दिन उसिनेर माघ १ गते खाने परम्परा छ । यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा तातो परिकार खाने गरिएको हो । आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रुपमा धुमधामका साथ स्नान, दान, एवं खानपिन र रमाइलो गरेर माघी पर्व मनाउँदै छन् भने पाल्पामा बसोबास गर्दै आएका मगर समुदायले पनि आृनो महान चाड माघे संक्रान्ति धुमधामका साथ मनाउँदै छन् । आदिवासी जनजाति समुदायहरूमध्ये सबैभन्दा ठूलो समुदाय मगरहरूले माघे संक्रान्तिलाई राष्ट्रिय पर्वका रूपमा मनाउँछन् । उनीहरूको आफ्नै विशिष्ट भाषा, संस्कृति, संस्कार र इतिहास छ । भाषाको हिसाबले बाह्र मगरात, अठार मगरात र काइकेई मगर भाषा बोल्ने गरिन्छ । मगरहरू प्रकृतिपूजक हुन् । माघे संक्रान्ति पर्व पनि एउटा प्रकृति पुज्ने अवसरको रूपमा लिने गरिन्छ । प्राचीन कालमा मगरहरूको कृषि र सिकारमा आधारित जीवनशैली थियो, अहिले पनि छ । वर्षायाममा खेतीपाती लगाएर हिउँदयाममा फुर्सदिलो समयमा खेती अन्नघरमा भित्र्याएर ढुक्क भएको समय पर्छ, माघे संक्रान्तिको बेला । माघे संक्रान्तिदेखि पृथ्वी मकर रेखाबाट उत्तरतिर सर्ने हुँदा जाडो सिद्धिएर गर्मी मौसम सुरु हुन्छ । माघ १ देखि गर्मी मौसम सुरु हुने हुँदा प्रकृतिसँग मिल्न शरीरलाई चिसो बनाइराख्न भुइँमुनि फलेको कन्दमूल, सखरखण्ड, तरुल खाने प्रचलन मगर समुदायमा छ । मगर समुदायले माघे संक्रान्ति पर्वलाई मरेका पुर्खाहरूलाई पानी चढाउने डि डाँके (मगर भाषामा पानी चढाउने) पर्वका रूपमा मानेका छन् । विशेषगरी गण्डकी, लुम्बिनी क्षेत्रका मगरहरूले यसरी मनाएको पाइन्छ । माघे संक्रान्ति आउनुभन्दा अघि नै मगरहरूले घर–घरमा जाँड राख्ने गर्छन् । संक्रान्तिको केही दिनअघि मगर महिलाहरू नजिकको पँधेरो, खोलामा गएर रक्सी पार्ने गर्छन् भने पुरुषहरू वनमा गएर वनतरुल, बारीको सखरखण्ड, घरतरुल खन्ने गर्छन् । पुस मसान्तको बेलुकी घर–घरमा सेलरोटी, बारा बनाएर भोलिपल्टको परिकारहरूको लागि तयारी गरिन्छ । सखरखण्ड, तरुल पनि पुसमा पकाएर माघमा खाने भनी बेलुकी नै उसिनिन्छ । भोलिपल्ट अर्थात् माघ १ गते सबै चोखोनितो हुने भनी घर लिपपोत गरिन्छ । सबेरै पुरुष, महिला नजिकको खोला, पँधेरोमा गएर स्नान गर्ने गर्छन् । त्यसमाथि पनि पवित्रधाम गुल्मीको रिडी, पाल्पाको राम्दी, त्रिवेणी, कास्कीको सेती लगायत नदी किनारमा गएर नुहाइ पवित्र बनेर मरेका पुर्खालाई डि डाँके (मुठी दान) गर्ने गर्छन् । नदीमा नुहाएपछि खोला किनारमा केराको पातमा एकमाना चामलमा एकमाना मासको दाल भिजाएर मुछी नौवटा डल्ला बनाएर पुर्खाको प्रतीक बनाइन्छ । त्यसपछि त्यस डल्लालाई पितृ सम्झी अदुवा,बेसार र मचा (रक्सी बनाउने मूल औषधी) राखेर आफ्ना दिवंगत पुर्खाको मुहार सम्झेर घ्युको धुप हालेर पूजा गरिन्छ । यसरी हेर्दा माघे संक्रान्ति मगर समुदायको पितृपूजा गर्ने पवित्र दिन पनि हो । माघे संक्रान्तिको अवसरमा सरकारले आज सार्वजनिक विदा समेत दिएको छ ।

## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

-लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
-मतदानको समयमा विवेकको प्रयोग गरौं।
-मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
-जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
-निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
-असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
-सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# किसानलाई सखरखण्ड खन्नेदेखि बिक्रीका लागि भ्याइ नभ्याइ

**घोराही (दाङ),** पुस ३०/यहाँको देउखुरी राप्ती नदी उकास जमिन, पाँगो बलौटे माटो । बिहान पुसको चिसो सिरेटोको बेवास्ता नराखी किसान फरुवा चलाउँदै सखरखण्ड निकाल्न व्यस्त छन् । कोही सखरखण्ड खन्दै, कोही भने टिप्दै र थुपार्दैछन् भने कोही बजार पठाउनका लागि बोरामा भर्दैछन् । घरका परिवारले मात्र नभ्याउने भएपछि अन्य कामदार लगाएर किसान सखरखण्ड खनिरहेका छन् ।

राजपुर गाउँपालिका-३ खरदरियाका किसान रामछोर यादव समयमै खनेर बजारमा पुऱ्याउन सके राम्रो मुनाफा हुने भएकाले किसानले सखरखण्ड खन्दै बिक्री गर्ने काम गरिरहेको बताए । तीन बिघा जमिनमा सखरखण्डखेती गरेका यादवले एक बिघामा रोपेको करिब ३५ क्विन्टल सखरखण्ड बिक्री गरिसकेको बताए ।



दुई बिघा जमिनमा रोपेको सखरखण्ड खन्ने काम भइरहेको छ, खन्न सके सखरखण्ड लिन व्यापारी रोपेको ठाउँमै आउने गरेका छन्, बिक्रीका लागि कुनै समस्या छैन, उनी भन्छन् । व्यापारीलाई भनेको समयमा समान दिइसक्नुपर्छ । करिब डेढ लाख रुपैयाँको सखरखण्ड बिक्री गरिसकेका यादव यो वर्ष एक सय क्विन्टल बढी उत्पादन भए रु तीन लाख ५० हजारसम्मको बिक्री हुने बताउन्छन् । उनका अनुसार सेतो सखरखण्ड प्रतिकिलो ४० देखि ४५ र रातो सखरखण्ड ४५ देखि ४९ मा बिक्री भइरहेको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## माघे संक्रान्तिको महत्व

माघ महिनाको पहिलो दिन आज 'घिउचाकु सँल्हु', माघे संक्रान्ति, मकर संक्रान्ति, माघी आदि नामले चिनिने नेपालको एक मुख्य पर्व हो । ज्योतिष शास्त्रअनुसार सौरमासको हिसाबले माघे सङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई 'मकर सङ्क्रान्ति' पनि भन्ने चलन छ ।

आजको दिन विशेष रुपमा घिउ, चाकु र तीलको लडुखाएर मनाइने यो चाड अब सबै नेपालीको साझा बन्न थालेको छ । तराईका आदिबासी थारु हुन् वा मगरले माघीलाई नयाँ वर्षाका रुपमा स्वागत गर्छन् । विशेष गरि हिन्दू, बुद्धमार्गी र किराँत समुदायको साझा पर्वको दिन हो माघे संक्रान्ति । हिन्दू समुदायले माघे सक्रान्ति अर्थात मकर संक्रान्तिका रुपमा मनाउने यो दिनलाई मगर समुदायले माघे सकराती भनेर मनाउने गरेका छन् । त्यस्तै थारु समुदायले माघी र खिचरा पर्वका रुपमा मनाउने यो दिनलाई राई समुदायले येले थेचे र सुनुवार समुदायले सामी पिदार पर्वका रुपमा मनाउँछन् । सबै जनजातीले माघे संक्रान्तिलाई आ-आफ्ना परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ । समुदाय विशेषमा यो पर्व मनाउने तरिका भने फरक छ । तर सबैले आपसमा भेटघाट, रमाइलो र आफ्ना परम्परागत परिकारहरुका साथमा यो पर्व मनाउछन् । सामान्यतया सूर्यले सबै राशिलाई प्रभावित गरेता पनि सूर्यको कर्कट राशि (साउने संक्रान्ति) र मकर राशि (माघे संक्रान्ति) प्रवेशलाई धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । यो दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्ध तर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ ।

माघे र मकर संक्रान्ति पर्व नेपाल भर विभिन्न पवित्र नदी, सागर तथा त्रिवेणीमा स्नान गरी मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाई मनाइन्छ । यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गंगा सागर लगायतका नदी र घाटमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्ने गर्दछ । माघ संक्रान्ति मध्ये जाडोको रमाइलो पर्व पनि हो । यस दिन तेल लगाउने प्रचलन पनि छ । यो पर्व धार्मिक र आध्यात्मिक रुपमा निकै नै महत्वपूर्ण रहेको छ । यसले देशको भौगोलिकता, जातीयता एवं साँस्कृतिक विविधताको प्रतिनिधित्व गर्दै आएको छ । यस दिनमा तिलको होम र दान गर्नाले वा खानाले अथवा प्रयोग गर्नाले त्यो व्यक्ति कहिल्यै असफल हुँदैन भन्ने धार्मिक विश्वास पनि छ । उक्त दिन नदीका दोभानमा गई शुद्ध भई सिधा दान गर्नाले पुण्य प्राप्त भई रोगव्याधिबाट मुक्त भइने जनविश्वास पनि छ । यसर्थ यो पर्व धार्मिक दृष्टिले मात्र नभई सांस्कृतिक,सामाजिक र वैज्ञानिक दृष्टिले पनि उत्तिकै महत्वपूर्ण मानिएको छ ।

### Opinion @ Socia Network

जो व्यक्तिको रिस आगो जस्तै हुन्छ विश्वास गर्नु
त्यो व्यक्तिको मन सबैभन्दा कोमल हुन्छ ।
(कमला हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.Hamal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक विकासका लागि इमानदारी, दूरदृष्टि र समपर्णको खाँचो



**श्रीमननारायण**

***राजनीतिक अस्थिरता, संस्थागत क्षयीकरण र व्यक्तिगत स्वार्थका कारण नेपालले आर्थिक तथा सामाजिक रुपान्तरणमा अपेक्षित गति लिनसकेको छैन । फागुन २१ गते हुन गइरहेको आमनिर्वाचनप्रति पनि जनतामा उत्साह र विश्वास छैन किनभने चुनावमा प्रमुख राजनीतिक शक्ति मानिएकाहरू पटक-पटक सत्तामा पुगी प्रधानमन्त्री र मन्त्री भइसकेका छन्, कसैसित कुनै भिजन छैन । काठमाडौंका मेयर बालेन्द्र साहलाई प्रधानमन्त्री उम्मेदवारको रुपमा राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सार्ने सम्भावना छ । काठमाडौंका मेयर भएर काम गर्नु र देश चलाउनु दुई पृथक-पृथक विषय हुन् ।***

दक्षिणी छिमेकी भारत, जापानलाई उछिनेर विश्वको चौथो ठूलो अर्थतन्त्र बन्न सफल भएको छ । अब भारतको जिडिपी ४.१८ ट्रिलियन डलरसम्म पुगेको छ । साँच्चिकै यो एउटा ऐतिहासिक उपलब्धि हो । नेपालसँग सिमाना जोडिएका भारतको उत्तर प्रदेशमा गत सात वर्षमा (कोभिडको वर्ष छाडेर) वार्षिक ६.९ प्रतिशत आर्थिक वृद्धि भएको छ 'द इकोनोमिस्ट' का अनुसार, पछिल्ला तीन वर्षमा भारतको समग्र आर्थिक वृद्धि दरभन्दा उत्तर प्रदेशको आर्थिक वृद्धि उच्च छ । विगत साढे तीन दशकदेखि जारी भारतको यो आर्थिक वृद्धिको यात्रा त्यहाँका शासकहरूमा रहेको इमानदारी, राष्ट्रप्रेम, समर्पण र विकास प्रतिको सतत् निष्ठाका कारणले हो । यदि शासक इमानदार छन् भन्ने आर्थिक विकास कठिन कार्य छैन, भन्ने कुराको पुष्टि पनि भारतको आर्थिक वृद्धिबाट प्रष्ट हुन्छ । दक्षिण एशियामा भारतले देखाएको तीव्र आर्थिक वृद्धिदर, पूर्वाधार विकास र सुशासनका उदाहरणले नेपालका राजनीतिज्ञ र शासकहरू इमान, त्याग र नैतिकताको अभाव देखिएको वर्तमान अवस्थालाई चुनौती दिएको छ । राजनीतिक अस्थिरता, संस्थागत क्षयीकरण र व्यक्तिगत स्वार्थका कारण नेपालले आर्थिक तथा सामाजिक रूपान्तरणमा अपेक्षित गति लिनसकेको छैन । फागुन २१ गते हुन गइरहेको आमनिर्वाचनप्रति पनि जनतामा उत्साह र विश्वास छैन किनभने चुनावमा प्रमुख राजनीतिक शक्ति मानिएकाहरू पटक-पटक सत्तामा पुगी प्रधानमन्त्री र मन्त्री भइसकेका छन्, कसैसित कुनै भिजन छैन । काठमाडौंका मेयर बालेन्द्र साहलाई प्रधानमन्त्री उम्मेदवारको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सार्ने सम्भावना छ । काठमाडौंका मेयर भएर काम गर्नु र देश चलाउनु दुई पृथक-पृथक विषय हुन् । राष्ट्रिय राजधानी काठमाडौंका मतदाताहरू शिक्षित, जागरुक र आफ्नो कर्तव्य एवं दायित्व बुझेकाहरू छन्, यसको ठीकविपरीत दुई करोड नेपाली मतदाता विभिन्न थरीका सोच एवं मानसिकता भएका तथा आर्थिक र सामाजिक अवस्थाको सामना गर्दै आएकाहरू छन् । बालेन्द्र साहको इमानदारी, सक्रियता र निर्णय क्षमतामाथि अहिलेसम्म कसैले पनि प्रश्न उठाएको छैन । यथास्थितिवादमै सबै समस्याको समाधान हेर्नेहरूको तुलनामा बालेन्द्र साह एउटा नयाँ र आसलाग्दो विकल्प अवश्य छन् तर यस चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार बनाउन लायक एक्लैले बहुमत ल्याउने सम्भावना देखिँदैन । देशसामु विदयमान गरिबी, बेरोजगारी र भ्रष्टाचारको अन्त्य जस्ता चुनौतीहरूको सामना गर्नु सहज हुने छैन । के बालेन्द्र साह पनि दक्षिणी छिमेकी भारतका शासकहरूले आत्मसात गरेका आर्थिक नीतिबाट केही सिक्ने प्रयास गर्लान त ? औद्योगिकीकरण, वैदेशिक लगानी, कृषि क्षेत्रको विकास र युवा जनशक्तिको पलायनलाई रोकिएमा नेपालको आर्थिक वृद्धिको यात्राको थालनी हुनेछ । दक्षिणी छिमेकी भारतमा पि.भी.नरसिंह राव प्रधानमन्त्री भएका बेला, सरकारले आत्मसात गरेको आर्थिक उदारवाद र निजीकरणको नीतिले देशलाई आर्थिक वृद्धिको दिशामा डोऱ्याउने काम गरेको थियो । डा.मनमोहन सिंह देशका अर्थमन्त्री थिए भने प्रणव मुखर्जी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष थिए । सुरुमा त सरकारको आर्थिक नीतिको त्यहाँका समाजवादी र कम्युनिष्ट पार्टीले चर्को विरोध गरेको थियो तर प्रमुख विपक्षी दल भाजपाले समर्थन गरेको थियो । जनताको व्यापक हितमा सत्तापक्ष र प्रमुख विपक्षी दल मिलेर काम गर्छ, भने देशले आर्थिक विकासको मामिलामा निरन्तर सफलता हासिल गर्छ । यसको सशक्त उदाहरण भारत हो भने, देश र जनताको हितलाई उपेक्षा गरी केवल आफ्नो पद र कुर्सी जोगाउन तथा पद र सत्ताको भाग बण्डा गर्न देशका सत्तापक्ष र विपक्ष मिल्न जान्छन् भन्ने नेपालको जस्तो अवस्था उत्पन्न हुन्छ । राष्ट्रवादको संकीर्ण नारा र धार्मिक कट्टरताले प्रगतिको पथमा लम्किरहेको देशलाई पनि कसरी अवनतिको बाटोमा डोऱ्याउँछ, त्यसको उदाहरण पाकिस्तान, श्रीलंका र बंगलादेश हुन् । राजनीतिमा जनमतको भावनालाई कदर गर्दै राजनीति गर्ने दल र शासकहरू कहिल्यै असफल हुन सक्दैनन् । नैतिकता र इमानदारीलाई राजनीतिमा दुई प्रमुख गुण वा योग्यता मानिन्छ । नेपालको राजनीतिबाट नैतिकता र इमानदारी नै हराइसकेको छ । व्यक्तिगत स्वार्थभन्दा माथि उठ्ने राजनीतिज्ञले देशलाई चाँडै दिशानिर्देश गर्न सक्दछन् भने उदाहरण हामी, भारतबाट पाउन सक्छौं । भारतले सन् १९९१ मा आर्थिक उदारीकरण सुरु गरे पनि त्यसको अर्थतन्त्रले गति लिन सकेको थिएन । डा.मनमोहन सिंह प्रधानमन्त्री भएका बेला पनि भारतले आर्थिक प्रगति गरिरहेकै थियो तर नरेन्द्र मोदीको शसनकालमा भारतले उच्च आर्थिक वृद्धिको गतिलाई मात्रै निरन्तरता दिएन अपितु संरचनात्मक सुधार र पूर्वाधार विकासमा समेत उल्लेख्य प्रगति गऱ्यो । विगत दुई दशकमा भारतले लगातार औसत सात प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हासिल गर्नुको कारण पूर्वाधारमा गरिएको लगानीयोग्य वातावरणको विकास र उत्पादकत्व अभिवृद्धि प्रमुख छन् । भ्रष्ट आचरण नभएका शासकबाट मात्रै सुशासन र उच्च आर्थिक वृद्धि सम्भव हुन्छ भन्ने उदाहरण अनेकौं छन् । ढोंग, कालोधन र आडम्बरकै कारण अहिलेका शासकहरू र शासित जनता पनि उद्योगगतितर्फ गइरहेका छन् । प्रख्यात अर्थशास्त्री कौटिल्यका अनुसार जनताको हित नै शासकको उच्च प्राथमिकतामा हुनुपर्छ, शासकको आृनो कुनै छुट्टै स्वार्थ हुनु हुँदैन । सार्वजनिक जीवन बाँचन खोज्नेहरूले निजी, चाहनामाथि रोक लगाउनुपर्छ । लोकलाजको ख्याल भएन भने राजनीतिज्ञ कहलिनुको अर्थ छैन । आचरण, विधिको शासन र लोककल्याण केन्द्रमा राखेर राज्य सञ्चालन गर्दा छोटो समयमै परिवर्तनको अनुभूति गराउन सकिन्छ भन्ने उदाहरण उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले प्रमाणित गरेका छन् । पूर्वाधार विकास, सुनिश्चित विद्युत् आपूर्ति, सुदृढ, शान्ति सुरक्षा र अपराध नियन्त्रणका कारण उत्तर प्रदेशले उच्च आर्थिक वृद्धिको बाटो समातेको हो । उत्तर प्रदेशमा सन् २०१६ मा ८ हजार ५ सय किलोमिटर हाइवे भएकोमा अहिले १२ हजार किलोमिटर पुगेको छ । सन् २०१७ मा त्यहाँ विमानस्थलको संख्या ६ मात्रै रहेकोमा अहिले सो संख्या १८ पुगेको छ । शान्ति सुरक्षा सुनिश्चित गर्न सयौं अपराधी समातिएका छन् भन्ने अपराधीहरूले अवैध रूपमा जमिन कब्जा गरी बनाएका भौतिक संरचनाहरूलाई ध्वस्त पार्ने काम भइरहेको छ । उनको व्यक्तित्वको प्रशंसा विदेशी सञ्चारमाध्यमले गरिरहेका छन् । बिनाभेदभाव दोषीमाथि कारबाही गर्ने र गरिब, निमुखा, असहाय एवं सोझा जनतालाई न्याय दिलाउने उनको कार्य शैली र नीतिको चारैतिर प्रशंसा भइरहेको छ । राजनीतिमा लागेकाहरूसँग र देशका शासकहरूसँग समाजले मूलत: सुशासनको प्रवर्द्धन, रोजगारीका अवसरको सिर्जना बिचौलिया राजको अन्त्य पारदर्शिताको सुनिश्चितता, दलविहीन स्थानीय सरकारको प्रबन्ध छिटोछरितो र सानो सरकार तथा लगानीको सुरक्षा जस्ता आमचासोका विषयको अपेक्षा गरेका हुन्छन् । समाज रूपान्तरण, सुशासन र दिगो विकासका लागि नेपाली राजनीतिमा इमानदार र नेतृत्व, प्रभावकारी नीति निर्माण र सामूहिक हितलाई प्राथमिकता दिनुपर्ने आवश्यकता झनै बढेको छ ।

दक्षिण छिमेकी भारतमा त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदी विगत १४ वर्षदेखि देशको नेतृत्व गरिरहेका छन् । त्यसभन्दा अघि गुजरातका मुख्यमन्त्री थिए, त्यो पनि १२ वर्षभन्दा बढी समयसम्म तर २६-२७ वर्षको नेतृत्वदायी भूमिकामा बस्दा पनि उनीमाथि एक सुका पनि भ्रष्टाचार गरेको आरोप छैन । उत्तर प्रदेशका मुख्यमन्त्री आदित्यनाथ योगी पनि विगत ९ वर्षदेखि उत्तर प्रदेशका मुख्यमन्त्रीको पदमा विराजमान छन् तर उनको सरकारमाथि भ्रष्टाचारको आरोप लागेको छैन । सीमावर्ती विहारका मुख्यमन्त्री नितिश कुमार पनि विगत दुई दशकदेखि विहारको मुख्यमन्त्री छन् तर उनीमाथि पनि भ्रष्टाचारको आरोप लागेको छैन । नेपालमा भ्रष्टाचारको आरोप नलागेका प्रधानमन्त्री मुख्यमन्त्री र मन्त्री पाउन गाह्रो छ । नेपालमा कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारी पुरानो पुस्ताका सदाचारी र इमानदार नेता थिए । सरकारी पद भनेकै पैसा कमाउने थलो हो र राजनीति भनेकै सात पुस्ताका लागि धनआर्जन गर्नु हो भन्ने मानसिकता विकसित भएको छ । राजनीतिमा वंशवाद भनेको भ्रष्टाचारको ग्यारेन्टी हो । राजनीतिलाई विकास परिवर्तन र सुधारको माध्यम बनाउने वा भिडतन्त्र र दलालतन्त्रको सारथि ? यस मानसिकताले नै कानुन निर्माण, नीति निर्माणको तर्जुमा र राज्य सञ्चालनको मार्ग निर्धारण हुनेछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : स्वास्थ्य कमजोर रहनाले कार्यक्षेत्रमा बाधा आउन सक्छ खानपानमा ध्यान दिनुहोला। | **तुला** : व्यापार व्यवसायमा लाभ रहनेछ साथै सञ्चित रकममा वृद्धि हुनेछ |
| **वृष** : समस्याहरू बल्झिनाले समस्यामा परिएला कृपया निर्णयमा हतार नगर्नुहोला। | **वृश्चिक** : पेशामा सहकर्मीहरूको साथ मिल्नाले ठूलो कार्यसम्पादन गर्न सकिनेछ। |
| **मिथुन** : ऋृन दिएको रकम हातलागि हुनाले मन प्रसन्न रहला। पेशामा जिम्मेवारी बढ्नेछ। | **धनु** :समस्या निम्त्याउनेछ सावधानीपूर्वक काममा हात हाल्दा फाईदा होला। |
| **कर्कट** : अध्यापनमा प्रगति हुनेछ। दिन रमाइलो र मनोरञ्जनपूर्ण रहनेछ। | **मकर** : कामको अवसर प्राप्त हुनेछ। पशुपालनबाट लाभ आर्जन गर्न सकिएला। |
| **सिंह** : दिगो कार्य प्रारम्भ गर्न सकिनेछ। चित्त स्थिर राखेर कार्य गर्नुहोला। | **कुम्भ** : नयाँ लगानी लगाउनु पर्ला। शुभचिन्तकहरूको साथ पाइनेछ। |
| **कन्या** : नयाँ कार्यतर्फ अग्रसर हुने योग छ। अध्ययन अध्यापनमा सफलता मिल्नेछ। | **मीन** : काम गर्ने अवसर प्रदान गर्नेछ। घरायसी काममा धेरै खट्टिनुपर्ला। |




बालनिबन्ध — कमल रिजाल

# समन्वयवादको सिद्धान्त

प्रकृति जीवन हो, जगत् हो अनि जीवन र जगत्को आधार हो । संसार बनाउने, चलाउने, खेलाउने सबै यसैले हो । ऊ एकैसाथ एकबाट अनेक हुन पनि सक्छ अनेकबाट एक हुन पनि सक्छ । संसारमा ऊभन्दा शक्तिशाली कोही छैन । हामीले जसलाई भगवान् भनेर शक्तिशाली पात्रको कल्पना गरेका छौँ वा हुन्छौँ त्यो पनि आफैँमा प्रकृति नै हो । ऋषि मुनिहरूले सजिलोसँग बुझाउनका लागि उसका स्वरूप चित्रण गरेका हुन् । साङ्ख्य दर्शनले प्रकृतिमा तीन वटा सत्यलाई स्वीकारेको छ । अथवा यसलाई यसरी पनि भनौँ उसको तीन वटा स्वरूपलाई मानेको छ । यिनमा पहिलो प्रकृति आफैँ पर्छ । दोस्रोमा विकृति र तेस्रोमा न प्रकृति न विकृति पर्छ । यीमध्ये प्रकृति भनेको हरेक क्षण भिन्न रूपमा प्रकट हुने वा हुन सक्ने शक्ति हो । त्यस्तै विकृति भनेको प्रकृतिमा विकार आउँदा वा विकार उत्पन्न हुँदा प्रकट हुने वस्तु, चीज वा नतिजा हो । मानिलिनुस् दूध प्रकृति हो भने दही उसको विकृति हो । त्यस्तै दही प्रकृति हो भने घ्यु उसको विकृति हो । एउटै चीज वा अवस्था कहिले प्रकृति बन्छ कहिले विकृति बन्न पुग्छ । प्रकृति चल्दा वा चलाउँदा जुन स्वरूप खडा हुन्छ त्यही नै विकृति हो । यसैले संसार चलाएको छ, बोलाएको छ, बढाएको छ । यसलाई तपाईँ कार्य र कारणको खेल भन्न पनि सक्नुहुन्छ । कारणबाट कार्य बन्छ । पुन: त्यही कार्य नै अर्को कार्यको कारण बन्न पुगिरहेको हुन्छ । संसारका यावत गतिविधि यसैको निरन्तरता हो । यसैको शृङ्ख्लामा जोडिएको हुन्छ । न प्रकृति न विकृति भनेको पुरुष हो । साङ्ख्य दर्शनले यसैलाई पुरुषको संज्ञा दिएको छ, जसलाई तपाईँ ईश्वरको संज्ञा दिन पनि सक्नुहुन्छ, मानिसको संज्ञा दिन पनि सक्नुहुन्छ । प्रकृति नर्तकी हो, नाच्ने कला उसैसँग छ । यसमा कसैको वैशाखी चाहिन्न । न गुरुकै आवश्यकता रहन्छ तर पुरुषको सान्निध्य भने खोजेको हुन्छ । जबतक पुरुषको सामीप्य भेट्टाउन्न तबतक प्रकृति निष्क्रिय अवस्थामा रहन्छ । केही हराए जस्तो, कसैको पर्खाइमा बसे जस्तो, मुख अँध्यारो, व्यवहार अँध्यारो तर जब पुरुषको सामीप्य पाउँछ वा भेट्टाउँछ तब रमाएर यति बढी फुरफुर पर्छ कि आफैँ सक्रिय भई नृत्य सुरु गर्छ । प्रकृतिको धर्म विकृति हो, यसमा खेल्ने छुट उसैले पाउनुपर्छ, उसैलाई दिनुपर्छ । पुरुष अर्थात् मानिसको धर्म न प्रकृति न विकृति हो । यसको धर्म आफैँले निर्वाह गर्नुपर्छ तर व्यवहार हेर्नुभयो भने ठिक विपरीत देख्नुहुन्छ । उसले प्रकृतिको धर्ममाथि हस्तक्षेपको औजार चलाउने मात्र गरेको छैन वा हुँदैन न प्रकृति न विकृतिको अवस्थामा रहनुपर्ने आफ्नो धर्मप्रति विमुख हुनेसमेत गरेको छ । कसैले पनि प्रकृतिको गुण चलाउनु पनि हुँदैन र आृनो धर्मबाट विमुख हुने धृष्टता गर्नु पनि गर्नुहुँदैन तब मात्र संसार सुखद हुन्छ । जब मानिस प्रकृतिको धर्ममाथि हस्तक्षेप गर्न पनि पुगेको छ र आफ्नो धर्मबाट विमुख भएको पनि छ भने कसरी हुन्छ संसार सुखमय ? हामी प्रकृतिको भएनौँ, प्रकृतिमा पनि रहेनौँ, प्रकृतिको पनि हुन सकेनौँ र विकृतिलाई पनि छाडेनौँ यही हो हाम्रो दु:ख, यही हो दु:खको कारण । कारण दु:खद भएपछि कार्य दु:खद हुने नै भए । पुन: त्यही कार्य नै अर्को कार्यको कारण हुने भएकाले हाम्रा दु:ख अभाव र अशान्ति अन्त्यहीन शृङ्ख्ला बन्न पुगेको छ । यसबाट के प्रस्ट हुन्छ भने दु:खको कारण संसार होइन हामी नै हौँ र दु:ख संसारमा छैन हामीभित्रै छ । भनाइको अर्थ हो द्वन्द्व तपाईँभित्रै छ । तपाईँलाई पनि द्वन्द्व आवश्यक छ । तपाईँको रोग, भोक, शोक निवारण गर्ने अचुक अस्त्र भनेकै यही हो । तपाईँका हरेक क्रियाकलापमा द्वन्द्व छ, द्वन्द्व हुन्छ । समाजमा द्वन्द्व छ, रगतका तोपातोपमा द्वन्द्व छ, प्राणको प्रत्येक स्पन्दनमा द्वन्द्व हुन्छ । द्वन्द्वले नै उसलाई उठाएको छ, चलाएको छ, बढाएको छ तर सङ्गति भने मिलाउनुपर्छ, मिल्नुपर्छ, मिलेको हुनुपर्छ । तपाईँ यसलाई द्वन्द्ववाद भन्न पनि सक्नुहुन्छ, द्वन्द्वात्मक समन्वयवाद भन्न पनि सक्नुहुन्छ । अहिलेसम्म द्वन्द्वलाई मात्र हेरियो, द्वन्द्ववादको मात्र कुरा गरियो तर सङ्गति मिल्नुपर्छ भन्नेतिर हेरिएन, हेर्ने कुरै गरिएन । त्यसैको प्रतिफल हामी आफैँ भोगिरहेका छौँ । हाम्रा रोग, भोक, शोकका मूल कारण भनेकै यही हो । प्रश्न उठ्न सक्छ सङ्गति मिलाउने भनेको के हो ? कसरी मिलाउने हो ? उत्तर सहज छ । केही पनि नगर्ने, हरेक काम होसमा गर्ने, होसपूर्वक गर्ने, सके आफूमा अरूलाई देख्ने नसके अरूभित्र आफूलाई खोज्ने, सकेसम्म केही पनि होइन, छैन भन्दै जाने, जसलाई वेदले नेतिनेति भनेको छ । नसके तिनैलाई जीवनको मूल आधार ठानी जतन गर्ने, सदुपयोग गर्ने, आदर गर्ने । यही नै द्वन्द्वात्मक समन्वयवाद वाद हो, द्वन्द्वात्मक समन्वयवादको सिद्धान्त हो । द्वन्द्व नैसर्गिक गुण भएकाले छाड्न त सकिन्न तर समन्वय गर्न भने सकिन्छ । त्यसैले अबको यात्रा त्यतैतिरको हुनुपर्छ । अन्यथा हामीले चाहेको सुख, शान्ति र आनन्द केवल चाहनामै सीमित हुनेछ ।

*-रातोपाटी डटकम*



*एउटै चीज वा अवस्था कहिले प्रकृति बन्छ कहिले विकृति बन्न पुग्छ । प्रकृति चल्दा वा चलाउँदा जुन स्वरूप खडा हुन्छ त्यही नै विकृति हो । यसैले संसार चलाएको छ, बोलाएको छ, बढाएको छ । यसलाई तपाईँ कार्य र कारणको खेल भन्न पनि सक्नुहुन्छ । कारणबाट कार्य बन्छ । पुन: त्यही कार्य नै अर्को कार्यको कारण बन्न पुगिरहेको हुन्छ । संसारका यावत गतिविधि यसैको निरन्तरता हो । यसैको शृङ्ख्लामा जोडिएको हुन्छ । न प्रकृति न विकृति भनेको पुरुष हो । साङ्ख्य दर्शनले यसैलाई पुरुषको संज्ञा दिएको छ, जसलाई तपाईँ ईश्वरको संज्ञा दिन पनि सक्नुहुन्छ, मानिसको संज्ञा दिन पनि सक्नुहुन्छ । प्रकृति नर्तकी हो, नाच्ने कला उसैसँग छ । यसमा कसैको वैशाखी चाहिन्न । न गुरुकै आवश्यकता रहन्छ तर पुरुषको सान्निध्य भने खोजेको हुन्छ । जबतक पुरुषको सामीप्य भेट्टाउन्न तबतक प्रकृति निष्क्रिय अवस्थामा रहन्छ । केही हराए जस्तो, कसैको पर्खाइमा बसे जस्तो, मुख अँध्यारो, व्यवहार अँध्यारो तर जब पुरुषको सामीप्य पाउँछ वा भेट्टाउँछ तब रमाएर यति बढी फुरफुर पर्छ कि आफैँ सक्रिय भई नृत्य सुरु गर्छ । प्रकृतिको धर्म विकृति हो, यसमा खेल्ने छुट उसैले पाउनुपर्छ, उसैलाई दिनुपर्छ । पुरुष अर्थात् मानिसको धर्म न प्रकृति न विकृति हो । यसको धर्म आफैँले निर्वाह गर्नुपर्छ तर व्यवहार हेर्नुभयो भने ठिक विपरीत देख्नुहुन्छ ।*

संस्मरण — ज्ञानेन्द्र विवश

# साथी भेटिँदाको खुशी



मेरो स्मृति, आत्मीयता र समयको अन्तराललाई फर्किएर हेदा म आफैँ ती विगत दिनतिर फर्किन्छु । ती दिन र यी दिनलाई तुलना गर्दा बाल्यकाल, साहित्य, कला, संगीत, मित्रता र पुनर्मिलन एउटै स्वरमा गुन्गुनाउँछन् । ती गुनगुनले मलाई मेरो प्यारो खोटाङ, चिसापानी मा.वि.को परिवेश र आफ्नै गाउँघरमा पुर्‍याउँछन् । स्कुल पढ्दाको मेरो साथी बालन्द राई नेपाली सांगीतिक क्षेत्रको एउटा कुशल संगीतकारका रूपमा स्थापित भइसकेको कुराले म गदगद भइरहेको थिएँ । गएको साता नेपाल प्रज्ञा-प्रतिष्ठानमा वरिष्ठ गायिका लोचन भट्टराईसँगको कुराकानीमा मैले सोधेँ, “दिदी बालन्द राईसँग हजुरले गीत रेकर्डिङ गर्दै गर्नुभएको फोटो देखेर मलाई धेरै खुसी लाग्यो ।” उहाँले सोध्नुभयो, “धन्यवाद, तर किन र ?” मैले जवाफमा हाँस्दै भनेँ- “बालन्द राई मेरो स्कुल पढ्दाको साथी हो तर ऊसँग भेट नभएको दशकौँ बितिसक्यो ।” मेरो कुरा सुनेर लोचन भट्टराईले भन्नुभयो, “ए तपाईंहरू स्कुल पढ्दाको बाल्यकालीन साथी पो हुनुहुँदो रहेछ । बालनजीलाई भेट्न सजिलो छ । उहाँले धेरै राम्रो राम्रो संगीत गर्नुहुन्छ ।” आज साँझ मेरा पुराना मित्रसँग पुल्चोकस्थित उनैको रेकर्डिङ स्टुडियोमा भेटघाट भयो । स्कुलका दिनका कुराकानी भयो । मैले मनमनै सोचेँ- “कसैले संगीतमा आफूलाई स्थापित गर्छ, कसैले शब्दमा आफूलाई बाँच्छ तर मित्रता- त्यो त कुनै रेकर्डिङ स्टुडियोको सीमाभन्दा बाहिरको कुरा रहेछ ।” आज बुझेँ केही भेटघाटहरू फोटामा कैद हुँदैनन् तर स्मृतिमा स्थायी रूपमा रेकर्ड हुन्छन् । मेरा मित्र बालन्द राई आज एक कुशल संगीतकार हुन् तर मेरा लागि उनी अझै पनि स्कुलकै ती साथी हुन्, जो समयको लामो मौनतापछि फेरि मित्रताको पुरानो धुन बजाउन फर्किएका छन् । साँझको समय अनायासै मुस्कुरायो । हाम्रो मित्रताको पुरानो धुन फेरि गुञ्जियो । अन्तत: हाम्रो भेटको साँझ, त्यही समयले मलाई फेरि उही साथीको सामु उभ्यायो । पुराना दिनतिर हामी फर्किएर गयौँ । बालन्द: “यत्रो वर्षपछि पनि आवाज चिन्न सकिएछ है !” म: “आवाज मात्रै होइन, तिमीभित्रको बाल्यकाल पनि अझै बाँचेको रहेछ ।” हामी दुवै हाँस्यौँ- स्कुलका दिनका कुरा स्वत: आउँथे, आउनु स्वाभाविक पनि हो । कुन शिक्षक कति कडा थिए, कुन घण्टी किन ढिलो बज्थ्यो, कुन सपना कुन मोडमा हरायो सबै कुरा संवाद बने । बालन्द: “गाउँ त धेरै फरक भइसकेको रहेछ । कुना-कुनामा गाडी गुड्दा रहेछन् । सुविधायुक्त जीवन बनिसकेछ । तर हामी भने सहरमा सहर जस्तै फैलिन त फैलियौँ तर अस्तव्यस्त । आ-आफ्नै जीवनको दौडमा बिहानदेखि रातिसम्म दौडादौड । आफैँलाई फर्किएर हेर्ने फुर्सद नहुने ।” म: “हो, गाउँका बाटा अझै हाम्रै पाइला खोजिरहेका होलान् । तर हाम्रा साथीभाइ को कता पुगे, बुढा भए होलान्, आफ्नो गाउँमा आफैँ बिरानो !” गाउँघरका कुरा भए- बाटो, वन, खेत, खोल्सा, हावाले ल्याएको धानको गन्ध । चिसापानीको सुकुल, चिसापानी बजार, हुमपोखरी, राकेहाट लाग्ने कुहिबीर, बराहपाखेरी, जन्तेढुंगा आदि । पामाखाम भन्ज्याङ, कुइबीरका टाकुरामा आरामले बस पुगेका छन् । यी सबै सहरका कुरा पनि मिसिए- स्टुडियो, समयको चाप, संगीतको अनुशासन । पुरानो साथी भेटिँदाको खुसी कति कति ! पुरानो साथी भेटिँदाको खुसी नाप्ने कुनै मापदण्ड हुँदैन रहेछ । त्यो खुसी न त शब्दको तौलले तराजुमा राखेर जोख्न सकिन्छ, न त समयको ऐनामा हेर्न । अचानक भेटिँदा मनभित्र जे हुन्छ, त्यो केवल अनुभूति हुन्छ- अत्यन्त निजी, अत्यन्त आत्मीय ! वर्षौंअघि छुट्टिएको अनुहार जब फेरि आँखै अगाडि आइपुग्छ, तब समय एकछिन रोकिन्छ । अनुहारमा रेखा थपिएका हुन्छन्, आँखामा जीवनका थकाइ र सफलताका चम्किला किरणहरू मिसिएका हुन्छन् तर मुस्कान भने उही हुन्छ- स्कुलको डेस्क, बेन्च, ब्ल्याकबोर्ड, छेउमै बसेर बाँडेको, भविष्यको डर नबोकेको मुस्कान । त्यही मुस्कानले भन्छ- हामी टाढा त भयौँ, तर अलग्ग कहिल्यै भएनौँ । पुरानो साथी भेटिँदा कुराकानीले शुरुमा बाटो खोज्छ । “कस्तो छौ, के गर्दैछौ, उन्नति-प्रगति के कस्तो छ ?” आदि भन्ने सामान्य प्रश्नबाट शुरु भएर कुरा बिस्तारै जीवनका गहिरा मोडहरूमा पुग्छ । कसैले गाउँ छोडेको कथा सुनाउँछ, कसैले सहरले थकाएको मन । कोही सपनाको पछाडि दौडेर थाकेको हुन्छ, कोही सपनासँगै सम्झौता गरेर शान्त । कोही प्रगतिको शिखरमा पुगेको खुसी, कोही घोर निराशाले हार मानिरहेको अनुभूति ! यद्यपि यी सबै कथाबीच एउटा साझा धागो हुन्छ- साथीत्वपन । पुरानो साथी भेटिँदाको खुसीमा छिनभर भए पनि मन बाल्यकालतिर फर्किन्छ । ती दु:खका दिनहरू, संघर्ष र कठिनाइलाई पुन: सम्झिँदा पनि एकप्रकारको बेग्लै आनन्द महसुस हुन्छ । त्यो खुसीमा कुनै औपचारिकता हुँदैन । न त विगतका गुनासा हुन्छन्, न त वर्तमानका प्रतिस्पर्धा । मात्रै सम्झनाहरू आउँछन् कक्षाकोठाका हाँसो, क्लासमेटका नाम, शिक्षकको डर, खेलमैदानका हार-जित र भविष्यका हावामा उडाइएका कल्पनाहरू । ती सम्झनाहरू अहिलेको गम्भीर जीवनमाथि केही समयका लागि बाल्यकालको उज्यालो छाया बिछ्याइदिन्छन् । तिनलाई यो व्यस्त जीवनमा फर्किएर हेर्नु वा सम्झनु भनेको आफ्नो सुन्दर धरातलप्रतिको हार्दिक प्रेम पनि हो । पुरानो साथी भेटिँदा आफू फेरि आफूजस्तै लाग्दो रहेछ । समाजले चढाइदिएको भूमिकाको आवरण हटेर भित्रको त्यो सरल ‘म’ बाहिर निस्किन्छ, जसलाई न सफलताको भार चाहिन्छ, न असफलताको बहाना । त्यही ‘म’ साथीसँग बसेर खुलेर हाँस्न सक्छ, मौन बस्न पनि असहज हुँदैन । जतिसुकै आफूभित्र पीडा तथा तनावका हैरानीहरू विद्यमान रहेका भए तापनि ! सायद त्यसैले पुरानो साथी भेटिँदाको खुसी यति आत्मीय र यति गहिरो हुन्छ । त्यो खुसी भेटको होइन, आफूलाई आफूले भेटेको खुसी पनि हो । जीवनले जति टाढा पुर्‍याए पनि, समयले जति परिवर्तन गराए पनि, मित्रताको मूल स्वर कहिल्यै बेसुरको हुँदैन रहेछ भन्ने विश्वासको खुसी हो त्यो । हो, पुरानो साथी भेटिँदाको खुसी कति-कति ! त्यो खुसी त्यतिबेला थाहा हुन्छ, जब बिदा हुँदै गर्दा मनभित्र कुनै खालीपन होइन, बरु फेरि भेट्ने आशाले भरिएको न्यानोपन बाँकी रहन्छ । हिउँदको चिसो सिरेटोले न्यानोपनलाई बिस्तारै भगाउँदै तापक्रम झारिरहेको बेला, मेरो यस्तै पुरानो मित्रता भने अनायासै नयाँ अध्यायमा नवीकरणको संघारमा प्रवेश गरेको खुसी पोखिरहेको थियो । बाहिर मौसम कठोर बन्दै थियो तर भित्र स्मृतिहरूको आगो बलिरहेको थियो । समयले हामीलाई छुट्टाछुट्टै दिशामा हिँडाइदिए पनि भेटको यो क्षणले दशकौँको दूरीलाई एकैछिनमा मेटाइदियो । तर चिसो मौसमजस्तै समय पनि कठोर नै रहेछ- घडीका सुइहरूले बिदाको संकेत गर्न थालेपछि एकाध घण्टाको भेट र भलाकुसारी पनि छिनमै बितेको कुनै अत्तोपत्तो नै भएन । बिदाको त्यो घडीसम्म आइपुग्दा, हामी पुराना साथीबीचका कुराकानी केवल सम्झनामा सीमित रहेनन् । विगतका संघर्षमय यात्रा खुले- कसरी पढाइ कर्मले जीवनलाई अनुशासन सिकायो, कसरी जीवनयापनका कठिन मोडहरूले धैर्य र सहनशीलता जन्मायो । घरपरिवारका कथा आए, आफन्तका सुख-दु:ख मिसिए, साथीभाइको आरोह-अवरोह सुनियो, गुरुवर्गका अमूल्य सिकाइहरू कृतज्ञतासहित स्मरण गरिए । ती सबै सन्दर्भहरूमा हामीले अनुभव साट्यौँ, विचार विमर्श गर्यौं र बुझ्यौँ- समयले रूप बदल्छ, परिस्थिति फेरिन्छ तर मित्रताले आफूलाई सधैँ पुन:संरचना गरिरहन्छ । पुराना यादहरूले समयलाई बौराइरहन्छ । बिदा लिँदा हात छुट्टिए तर मन छुट्टिएन । हिउँदको चिसो सिरेटोले शरीरलाई कँपायो होला तर त्यो साँझ मित्रताको न्यानोपनले मनलाई लामो समयसम्म तताइरहने विश्वास भने हामी दुवैसँगै लिएर फर्कियौँ । उनको संगीत स्टुडियोबाट त्यतिबेला कुनै स्पष्ट सांगीतिक ध्वनि-तरङ्गको गुञ्जन त आइरहेको थिएन तर मेरा कानभित्र भने सुमधुर सांगीतिक स्वरको स्पर्श निरन्तर भइरह्यो । त्यो स्वर कुनै रेकर्ड गरिएको धुन थिएन, त्यो त स्मृतिले बजाएको संगीत थियो- बाल्यकाल, संघर्ष र अधुरा सपनाहरूको । मौन स्टुडियोभित्र बसेर पनि म भित्रभित्रै स्पन्दित भइरहेँ, मानौँ शब्द र स्वर दुवै एकअर्कासँग पुरानो चिनजान नवीकरण गरिरहेका थिए ।

*-साहित्यपोस्ट डटकम*

# मिसन अस्पताललले मनायो २६ औं साधारण सभा



भरत शर्मा

**पाल्पा,** पुस ३०/ २०११ सालमा स्थापना भएको तानसेनको मिसन अस्पताललले २६ औं वार्षिक साधारण सभा मनाएको छ । अस्पताललले एक औपचारिक कार्यक्रमकाबिच बुधबार साधारण सभा मनाएको हो ।

सभाको लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री विरबहादुर रानाले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका रानाले मिसन अस्पताललले गुणस्तरीय सेवा प्रदान गरी पश्चिम क्षेत्रमै स्वस्थ्य क्षेत्रमा अग्रणी रहेको बताए । उनले अस्पताललले दुखी, गरिब , असहाय विरामीहरुको उपचारमा गर्दै आएको सहयोग प्रशंसनिय रहेको बताए । सांसद रानाले समयको माग अनुसार अस्पतालको सेवालाई समेत थप विस्तार गर्दै लैजान आवश्यक रहेको उल्लेख गरे । उनले मिसन अस्पताल पाल्पाकै सम्पति रहेको बताउदै यसलाई बचाई राख्न सरकारका जनप्रतिनिधी, राजनैतिक दल, नागरिक समाज सबैको सहयोग आवश्यक रहेको औल्याए । कार्यक्रममा युनाइटेड मिसन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट टूष्टका अस्पताल सेवा निर्देशक युवराज आचार्य, तानसेन नगरपालिकका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, रम्भा गाउँपालिका अध्यक्ष विष्णु प्रसाद भण्डारी, नेकपा एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्ती, नेपाल पत्रकार महासघ पाल्पाका अध्यक्ष कमल तिमिल्सेना, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई लगायतले अस्पताललले दिने सेवा प्रभावकारी रहेको बताएका थिए । कार्यक्रममा अस्पतालका निर्देशक डा. रचेल कारकले वार्षिक प्रतिवेदन पेश गर्दै यस वर्षदेखि सिटी स्क्यान सेवा सहित विशेषज्ञ सेवा विस्तार गरिएको बताइन् । उनले २०० वेडसहितको अस्पतालमा पाल्पा लगायत ११ वटा जिल्लाका साथै भारतबाट बिरामीहरु उपचारका लागि आउने गरेको बताइन । निर्देशक कारखले अस्पतालमा, हाडजोर्नी, जलेका र निमोनिया विरामी धेरै आएको उल्लेख गरिन । उनले भनिन् "हामीले यस वर्ष ७२ हजार १ सय ९६ विरामी उपचार गर्न आएकोमा १ हजार ८ सय ७५ जनालाई २ करोड ४३ लाख ६४ हजार ८ सय ६१ रुपैयाँ बराबरको नि:शुल्क उपचार गरेका छौं ।" उनले हाल अस्पतालमा ३ सय ८० चिकित्सक, कर्मचारी कार्यरत रहेको बताइन् ।अस्पतालका प्रशासकिय अधिकृत जीवन भट्टराइले यस आव २०८१/८२ मा ४७ करोड ९८ लाख २२ हजार ७ सय २४ आम्दानी गर्न सफल भएको र ५० करोड १० लाख ८८ हजार ९ सय ९९ खर्च भएको बताए । उनका अनुसार २ करोड १२ लाख ६ हजार २ सय ७४ भने घाटा रहेको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालको अध्यक्षता, अस्पताल सुपरिडेण्डेन डा. तुल वहादुर पुनको स्वागत,अस्पतालका व्यवस्थापक गणेश घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# रिडीमा माघे सङ्क्रान्ति मेलाको सम्पूर्ण तयारी पूरा

**गुल्मी,** पुस ३० /यहाँको पवित्र धार्मिकस्थल रिडीमा प्रत्येक वर्षझैं यस वर्ष पनि माघे सङ्क्रान्ति मेलाको सम्पूर्ण तयारी पूरा भएको छ । मेलाको तयारी पूरा भएसँगै रुरुक्षेत्रमा आउने व्यापारी र श्रद्धालुको चहलपल सुरु भएको छ । गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रुरुक्षेत्रको रिडी धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ । रिडीमा आयोजना हुने मेलाले देशभरका धार्मिक पर्यटकलाई आकर्षित गर्दै आएको छ ।

मेलालाई व्यवस्थित बनाउन कालीगण्डकीमा स्नानघाटको सरसफाइ गरी नुहाउनका लागि थप सहज बनाइएको छ । बालउद्यान, हस्तकला तथा कृषि सामग्री प्रदर्शनीस्थल, यातायात व्यवस्थापन, शौचालय निर्माण, खोला तर्नका लागि अस्थायी पुल निर्माण, पर्यटक हब बनाउनका लागि खोला थुनेर रुराल निर्माण, सांस्कृतिक कार्यक्रमको लागि मञ्च व्यवस्थापन, व्यापारका लागि आवश्यक स्टल निर्माणलगायत सम्पूर्ण संरचना निर्माणका काम तयारी भइसकेको गुल्मी उद्योग वाणिज्य सै रिडी शाखाका अध्यक्ष एवं मेला व्यवस्थापन समितिका संयोजक ताराप्रसाद सुवेदीले जानकारी दिए ।कालीगण्डकी र रिडी खोलाको संगमस्थल रिडी क्षेत्र हिन्दु धर्मावलम्बीका लागि विशेष तीर्थस्थलका रूपमा परिचित छ । माघे सङ्क्रान्तिका अवसरमा यहाँ स्नान, दान तथा पूजाआजा गरे पुण्य प्राप्त हुने धार्मिक विश्वास रहिआएको छ । यही विश्वासका कारण गुल्मी, पाल्पा, स्याङ्जा, बागलुङ, अर्घाखाँचीलगायत छिमेकी जिल्लाबाट मात्र होइन, काठमाडौँ, पोखरा, बुटवलजस्ता ठूला सहर तथा भारतका विभिन्न स्थानबाटसमेत श्रद्धालुको उल्लेख्य उपस्थिति हुने गर्दछ ।

रुरुक्षेत्र गाउँपालिका मुख्य संरक्षक रहेको उक्त मेला उद्योग वाणिज्य सै रिडी शाखाको आयोजनामा छ दिनसम्म सञ्चालन हुन लागेको हो । रूरूक्षेत्रलाई ऋषिहरुको तपोभूमिका रूपमा चिनिन्छ । सक्रान्तिको दिन तीन जिल्लाको संगमस्थल कालीगण्डकी नदीमा स्नान गरी नजिकै रहेको भगवान फषीकेषको मन्दिरमा पूजाआजा र दर्शन गर्नाले देव ऋण, पितृ ऋण र ऋषि ऋणबाट मुक्त हुने जनविश्वास रहिआएको छ । कालीगण्डकीमा स्नान गर्नाले आफूले अञ्जानमा गरेका सम्पूर्ण पाप नष्ट भई मोक्ष प्राप्ति हुन्छ भन्ने जनविश्वास छ । रुरुक्षेत्र नेपालकै चारधाम मध्यको एक धाम मानिन्छ । रिडी मेलामा विशेषगरी हातबाट बुनेका कम्बल, काम्ला, राडीपाखीलगायत बाँस तथा चोयाबाट निर्मित सामग्रीका साथै ओखरका घाँजी, गुड, सुन्तलालगायतका वस्तुको राम्रो व्यापार हुने गर्दछ । माघे सङ्क्रान्तिको अवशरमा आयोजना हुने मेलामा व्यापारका लागि प्यूठान, बागलुङ, रुकुम, रोल्पालगायतका ठाउँबाट व्यापारी यतिबेला रिडी आइपुगेका छन् । मेला अवधिभर स्थानीय एवं राष्ट्रिय कलाकारको सांगीतिक प्रस्तुतिसमेत राखिने भएको छ । रिडी क्षेत्रको प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र ऐतिहासिक महत्वले गर्दा यो क्षेत्र पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण गन्तव्यका रूपमा विकसित हुँदै जान थालेको छ । माघे सङ्क्रान्ति मेलाले यस क्षेत्रको पहिचानलाई राष्ट्रियस्तरमा थप उजागर गर्ने विश्वास लिइएको छ । आयोजकले मेलालाई भव्य, सभ्य, सुरक्षित र व्यवस्थित बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको जनाउँदै सम्पूर्ण श्रद्धालुलाई सहभागिताका लागि आग्रह गरेको छ ।

## खेलकुद समाचार

# नेपाली टोली आयरल्यान्डसँग ९९ रनले पराजित



**काठमाडौँ,** पुस ३०/आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोटअघिको वार्मअप खेलमा नेपाल आयरल्यान्डसँग भएको छ । तल्लो मूलपानी मैदानमा बुधबार भएको खेलमा नेपाल आयरल्यान्डसँग ९९ रनले पराजित भएको हो । आयरल्यान्डले दिएको २०१ रनको लक्ष्य पछ्याएको नेपालले १९ ओभरमा १ सय १ रन बनाउँदा सबै विकेट गुमायो । नेपालकी कविता जोशीले सबैभन्दा धेरै २८ रन बनाइन् । आयरल्यान्डका लारा म्याकब्राइड, अर्लेन केली, ओर्ला प्रेन्डरगास्ट र एमी म्यागुइरले २/२ विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको आयरल्यान्डले २० ओभरमा ७ विकेट गुमाएर २०० रन बनायो । आयरल्यान्डका कप्तान गेबी लुइसले ७७, ओर्ला प्रेन्डरगास्टले ६२ रन बनाइन् । नेपालकी रुबिना क्षेत्रीले २ विकेट लिइन् । अब नेपालले पर्सि अमेरिकासँग दोस्रो वार्मअप खेल खेल्नेछ । आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोट आउँदो माघ ४ गतेदेखि नेपालमा शुरू हुँदैछ । प्रतियोगिताका खेलहरू त्रिवि मैदान र माथिल्लो मूलपानी मैदानमा हुनेछन् । समूह चरणमा नेपालका चार वटै खेल त्रिवि मैदानमा हुनेछन् । तालिकाअनुसार नेपालले पहिलो खेलमा माघ ४ गते थाइल्यान्डसँग, दोस्रो खेलमा माघ ८ गते नेदरल्यान्ड्ससँग, तेस्रो खेलमा माघ १० गते जिम्बावेसँग र चौथो खेलमा माघ १२ गते स्कटल्यान्डसँग खेल्नेछ । १० वटा टोली सहभागी प्रतियोगिता माघ १८ गतेसम्म चल्नेछ । प्रतियोगितामा दुवै समूहबाट शीर्ष तीनमा पर्ने टोलीहरू 'सुपर-सिक्स' मा पुग्नेछन् । 'सुपर-सिक्स' बाट शीर्ष चार वटा टोली आउँदो वर्ष इङ्गल्यान्ड र वेल्समा हुने महिला टी-२० विश्वकपमा छनोट हुनेछन् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# बैंकहरूले घटाए माघ महिनाको लागि ब्याजदर




**पाल्पा,** पुस ३०/एक दर्जन बैंकहरुले माघ महिनाका लागि ब्याजदर घटाएका छन् । सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये १२ वटाले ब्याजदर घटाएका हुन् ।

सात वटाले स्थिर राखेका छन् भने एउटा बैंकले सामान्य वृद्धि गरेको छ । यद्यपि, माघ महिनाका लागि वाणिज्य बैंकहरूको निक्षेपको औसत ब्याजदर भने घटेको छ । यही पुसमा औसत ब्याजदर ४ दशमलव ८५ प्रतिशत थियो भने माघमा यो घटेर ४ दशमलव ७ प्रतिशत कायम भएको छ । प्राइम कमर्सियल बैंकले माघका लागि निक्षेपको ब्याजदर ४ दशमलव २५ प्रतिशतबाट बढाएर ४ दशमलव ४ प्रतिशत कायम गरेको छ । वाणिज्य बैंकहरूमध्ये पुस महिनामा एक वर्षे व्यक्तिगत मुद्दतीको अधिकतम ब्याजदर ५ दशमलव ५५ प्रतिशत थियो भने माघमा यो घटेर अधिकतम ५ दशमलव ५ प्रतिशत कायम भएको छ । माघ महिनाका लागि मुद्दती निक्षेपको अधिकतम ब्याजदर घटाउने बैंकहरुमा कृषि विकास बैंक, एभरेष्ट बैंक,सिद्धार्थ बैंक, सानिमा बैंक, लक्ष्मी सनराइज बैंक, हिमालयन बैंक, माछापुच्छ्रे बैंक, सिटिजन्स इन्टरनेश्नल बैंक, कुमारी बैंक, नेपाल एसबिआई बैंक र स्ट्याण्डर्ड चार्टर्ड बैंक रहेका छन् । यीमध्ये सबैभन्दा बढी ब्याजदर घटाउनेमा हिमालयन र माछापुच्छ्रे बैंक रहेको छ । माघ महिनामा व्यक्तिगत मुद्दती निक्षेपमा कृषि विकास बैंकले ४ दशमलव ४० प्रतिशत, एभरेष्ट बैंकले ४ दशमलव ४० प्रतिशत, कुमारी बैंक ४ दशमलव ४३ प्रतिशत, नेपाल एसबीआई बैंकले ४ दशमलव ४० प्रतिशत, लक्ष्मी सनराइज बैंकले ४ दशमलव ५० प्रतिशत, सिटिजन्स बैंकले ४ दशमलव ५० प्रतिशत, प्रभु बैंकले ४ दशमलव ५५ प्रतिशत, माछापुच्छ्रे बैंकले ४ दशमलव ५ प्रतिशत, स्ट्याण्डर्ड चार्टर्ड बैंकले ४ दशमलव ३६ प्रतिशत, हिमालयन बैंकले ५ प्रतिशत र सानिमा बैंकले ४ दशमलव ५५ प्रतिशत ब्याज दिनेछन् । यस्तै आगामी महिना माघमा व्यक्तिगत मुद्दती निक्षेपमा नेपाल बैंकले ५ दशमलव १० प्रतिशत, ग्लोवल आइएमई बैंकले ५ दशमलव ५० प्रतिशत, नबिल बैंकले ४ दशमलव ५५ प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकले ५ प्रतिशत, एनएमबि बैंकले ५ प्रतिशत, सिद्धार्थ बैंकले ४ दशमलव ५५ प्रतिशत, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले ५ प्रतिशत र एनआईसी एशिया बैंकले ५ प्रतिशत ब्याजदर दिने छन् । यता प्राइम कमर्सियल बैंकले भने माघमा मुद्दती निक्षेपमा व्यक्तिगततर्फ ब्याजदर बढाएर ४ दशमलव ४० प्रतिशतमा पुऱ्याएको छ ।

# किसानलाई...

...अन्य कृषि बालीको तुलनामा कम मिहिनेत र लगानीमै राम्रो आम्दानी लिन सकिने भएपछि धेरै किसानले पछिल्लो समय सखरखण्ड खेती गरेका सोही ठाउँका अर्का किसान धर्मप्रसाद यादव बताउन्छन् । माघेसङ्क्रान्तिमा सखरखण्ड खाने चलन रहेकाले बजारमा यसको व्यापार बढ्दै गएको सोही ठाउँका अर्का किसान सीता यादव बताउन्छिन् । यो समयमा राम्रो बिक्री हुने भएकाले आम्दानी पनि मनग्य हुने उनको भनाइ छ । राजपुर गाउँपालिका-३ र ४ नं वडाका २०० भन्दा बढी किसानले एकदुई कठ्ठादेखि तीनचार बिघासम्म सखरखण्डको खेती गरेका छन् । एउटा किसानले थोरैमा रु २०-२५ हजारदेखि बढीमा रु ५-६ लाखसम्म यही समयमा सखरखण्ड बेचेर आन्दानी गर्छन् भने दुई करोड बढी पैसा गाउँ भित्रिन्छ । सखरखण्ड लिनका लागि व्यापारी बारीमै पुग्छन् । गत वर्ष ५० देखि ५५ प्रतिकिलो सखरखण्ड बिक्री गरेका किसानले यस वर्ष ४० देखि ४५ प्रतिकिलोका दरले सखरखण्ड बिक्री गरिरहेका छन् । बिक्रीका लागि समस्या नभए पनि बिचौलियाका कारण उचित मूल्य नपाएको किसानको गुनासो छ । कम मिहिनेत र लगानीमा छोटो समयमा राम्रो आम्दानी हुने सखरखण्ड भदौमा रोपिन्छ भने पुसको दोस्रो साताबाट खन्न सुरु हुन्छ । देउखुरीको राजपुरमा उत्पादन भएको सखरखण्ड लमही, घोराही, तुलसीपुर बजारका साथै बुटवलदेखि कोहलपुर र सुर्खेतसम्म पनि पुग्ने गरेको किसान बताउँछन् । ---रासस


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई